# रिब्दीकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली; पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9857078307
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np


प.सं. २०८०/०८१
च.नं.

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना
**दोश्रो पटक प्रकाशित मिति २०८०/०८/०४**

यस गाउँपालिका अन्तर्गत आ.व. ०८०/८१ मा संचालन हुने किसान सूचीकरण कार्यक्रम कार्यान्वयन गर्न देहायका कर्मचारी भर्ना गर्नुपर्ने भएकोले मिति २०८०/०७/१७ गते दरखास्त फारम आव्हान सम्बन्धी सुचना प्रकाशित गरिएकोमा माग गरिएको पद संख्या बराबर दरखास्त फारम पेश हुन नआएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा रितपुर्वकको दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. पदको विवरण :**

| क्र.सं. | विज्ञापन नं. | पद नाम | पद संख्या | कार्य क्षेत्र |
|---|---|---|---|---|
| १. | ०४/०८०/८१ | किसान सूचीकरण सहजकर्ता | २४ | गा.पा. अन्तर्गतका वडाहरु |

**२. आवश्यक कागजातहरु :** (क) व्यक्तिगत विवरण, (ख) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति,
(ग) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, (घ) हाँसिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
(ङ) कार्य अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपी र
(च) उल्लेखित प्रमाणपत्रहरूका प्रतिलिपी स्वयम् प्रमाणित गरी लोकसेवा आयोगको फारम भरी पेश गर्नुपर्ने छ।

**३. उमेर:** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।

**४. न्युनतम योग्यता :** (क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ उत्तिर्ण वा सो सरह।
(ख) इन्टरनेट चलाउन सक्ने र एनड्रोइड वा स्मार्ट फोन वा ल्यापटप भएको व्यक्ति।
(ग) प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको ।
(घ) सम्बन्धित वडाको स्थायी बासिन्दा र दुई पाङ्ग्रे सवारी साधनको सवारी चालक अनुमति प्राप्त व्यक्तिलाई विशेष प्राथमिकता दिईने छ।

**५. छनौट प्रक्रिया:** अन्तरवार्ता।

**६. सेवा सुबिधा:** प्रत्येक किसानको वैयक्तिक विवरण तथा कृषी तथ्यांक संकलन गरी सुचना प्रणालीमा प्रविष्टि गरे वापत प्रति घरधुरी रु. ७५/- का दरले पारिश्रमिक प्राप्त गर्ने।

**७. सेवा अवधि:** किसान सूचीकरण गर्न लाग्ने समय अवधि भर ।

**८. दरखास्त बुझाउने स्थान:** यस कार्यालयको प्रशासन शाखा।

**९. दरखास्त दस्तुर:** रु.३०० (तीन सय) मात्र ।

**१०. दरखास्त दिने अन्तिम मिति:** २०८०/०८/१० गते कार्यालय समय भित्र।

**११. अन्तरवार्ता मिति:** कार्यालयको वेवसाईटमा पछि प्रकाशन गरिने छ।

**१२.** अन्य थप जानकारीको लागि ९८५७०६२६४३ र ९८६३८०९४९३ मा सम्पर्क गर्न सकिने छ।

(मदन अर्याल)
संयोजक, पदपूर्ति समिति